**निर्णय नं. १**

योजना सम्झौता तथा कार्यान्वयन सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नगर विकास योजनामा उल्लेख गरिएको सम्पूर्ण योजनाहरूको सम्झौता गर्ने कार्य २०८० मंसिर मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस चौतारा साँगाचोकगढी नगरपालिकामा देहाय बमोजिमका कार्यविधिहरू स्वीकृत गर्ने निर्णय गरियो ।

१. स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

२. विद्यार्थी मुल्याङ्कन वोर्ड (गठन तथा कार्य संचालन) कार्यविधि, २०८०

३. सुरक्षित मातृत्व अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०

४. मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८०

**निर्णय नं. ३**

नगर शिक्षा समितिको निर्णय सम्बन्धमा छलफल गर्दा नगर शिक्षा समितिको मिति २०८०/०४/०२ गते र २०८०/०६/१८ गते बसेको नगर शिक्षा समितिबाट पेश हुन आएका देहाय बमोजिमको निर्णयहरू स्वीकृत गर्ने निर्णय गरियो ।

- चौतारा साँगाचोकगढी नगरपालिकाको चाालू आ.व. २०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम माध्यमिक तहका प्रधानाध्यापकलाई मासिक रू. १००० (एक हजार रूपैयाँ) र आधारभूत तहका प्रधानाध्यापकलाई मासिक रू. ५०० (पाँच सय रूपैयाँ) का दरले प्रोत्साहन २०८० श्रावण महिनादेखि उपलब्ध गराउने ।
- विद्यालय लेखा कर्मचारीको मासिक पारिश्रमिक रू. १८,००० (अक्षेरपी अठार हजार) निर्धारण गर्ने ।
- महिला शिक्षकले प्रसुती विदा ९८ दिन पाउने र कतिपय अवस्थामा स्वास्थ्यका कारण थप समय समेत विदा बस्नुपर्दा विद्यालयको पठनपाठनमा प्रभाव पर्ने भएकाले महिला शिक्षक सुत्केरी भई विदामा बसेको अवधिभर वैकल्पिक व्यवस्थाका रूपमा सुत्केरी सट्टा शिक्षक व्यवस्थापन गरी कक्षा सुचारू गर्न अपरिहार्य रहेकाले कम्तिमा तीन महिनासम्म सुत्केरी सट्टा शिक्षक व्यवस्थापन गर्नका लागि निम्नानुसार रकम विद्यालयलाई अनुदान स्वरूप उपलब्ध गराउनेः
- (क) प्राथमिक शिक्षकका लागि रू.३०,००० (तीस हजार रूपैयाँ)
- (ख) निम्न माध्यमिक शिक्षकका लागि रू. ३६,००० (छत्तीस हजार रूपैयाँ)
- (ग) माध्यमिक शिक्षकका लागि रू. ४५,००० (पैँतालिस हजार)
- नेपाल सरकारको सशर्त अनुदानबाट रकम व्यवस्थापन गरी प्रारम्भिक बालकक्षादेखि कक्षा ६ सम्मको विद्यार्थीहरूलाई दिवा खाजा खुवाउने व्यवस्था गरिदै आएकामा चालू आ.ब. २०८०/८१ को संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानको निनियोजित बजेटले कक्षा ५ सम्मका विद्यार्थीलाई मात्र दिवा खाजा खुवाउन सकिने देखिएको सन्दर्भमा नगरपालिकाको आफ्नो स्रोतबाट बजेट व्यवस्थापन हुने गरी कक्षा ६ का विद्यार्थीहरूलाई दिवा खाजा खुवाउने व्यवस्था मिलाउने ।
- चौतारा साँगाचोकगढी नगरपाकिला वडा नम्बर १४, डडुवामा अवस्थित ब्राइट भिजन इंग्लिस स्कूललाई प्रचलित कानून बमोजिम चौतारा साँगाचोकगढी नगरपालिका वडा नंम्बर ५, चौतारा बजारमा स्थानान्तरण (ठाउँसारी) गर्ने ।
- चौतारा साँगाचोकगढी नगरपालिकामा प्राथमिक तहमा एउटा दृष्टिविहीन राहत अनुदान कोटा रहेकोमा उक्त कोटालाई साधारण कोटाकै सरह पदपूर्ति भएकाले दृष्टिविहीन नागरिकहरूको विशेष अधिकारलाई ध्यानमा राखी अब भविष्यमा रिक्त हुने प्राथमिक तहको राहत अनुदान कोटालाई दृष्टिविहिनका लागि आरक्षित गर्ने ।

**निर्णय नं. ४**

यस चौतारा साँगाचोकगढी नगरपालिकामा कृषि विकाश शाखामा कृषि अधिकृत (छैठौं) र सूचना प्रविधि शाखामा सूचना प्रविधि अधिकृत (छैठौं) पदपूर्ति गर्ने प्रयोजनार्थ २०८०/०५/११ गते सूचना प्रकाशन भए पश्चात् विभिन्न मिति र समयमा पदपूर्ति समितिबाट परीक्षा लिई उक्त परीक्षाको आधारमा सूचना प्रविधि अधिकृत पदको सफल उम्मेदवार श्री शरद श्रेष्ठ र कृषि अधिकृत पदको सफल उम्मेदवार श्री संदिप ठाकुरसँग करार सम्झौता गरी सेवा करारमा नियुक्ती गर्न प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको ग्लोबल आइ.एम.इ. बैंकमा रहेको अक्षकोषमा भएको रकम नेपाल बैंक लिमिटेड, चौतारा शाखाको विविध खातामा ट्रान्सफर गर्ने निर्णय गरियो ।